नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग

कन्सुलर प्रमाणीकरणको अनलाइन आवेदन प्रणाली (NEATS) सञ्चालन सम्बन्धी सूचना

कन्सुलर सेवा विभागबाट प्रदान गरिँदै आएको कागजात प्रमाणीकरण (Consular Attestation) सेवाका लागि आज मिति २७ साउन २०८३ (१२ अगस्ट २०२६) देखि Nepal e-Attestation System (NEATS) मार्फत अनलाइन आवेदन गर्न सकिने व्यवस्था गरिएको छ।

कागजात प्रमाणीकरणका लागि १ भदौ २०८३ (१७ अगस्ट २०२६) देखि सेवाग्राहीले अनिवार्य रुपमा NEATS प्रणालीमार्फत अनलाइन आवेदन गरी प्रणालीमा अपलोड गरिएका कागजात सहित आवेदन स्वीकृत (Approved) भएपछि मात्र तोकिएको राजस्व बुझाई आफ्नो अपोइन्टमेन्टको मिति र समयमा सक्कल कागजातसहित प्रमाणीकरणका लागि विभागमा उपस्थित हुनुपर्नेछ।

अनलाइन आवेदन तथा अपोइन्टमेन्टका लागि:

https://doc.nepalconsular.gov.np/

कन्सुलर सेवा विभाग
त्रिपुरेश्वर, काठमाडौं।
२०८३/०४/२७

फोन नं.: ५३६०१०८, ५३६०१२१, फ्याक्स नं.: ००९७७-१-५३६०११४